नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

मिति: २०८०।०१।२०

विषय: अनुदान कार्यक्रम सम्वन्धी जानकारी ।

मुलुक संघीय संरचनामा रुपान्तरण भए संगै कृषि सम्वद्ध निकायहरु पनि पूनर्संरचना भई संघ, प्रदेश र स्थानीय तहमा कायम भएको र नेपालको संविधान तथा अधिकारसूचीको विस्तृतीकरण प्रतिवेदनका आधारमा अधिकांश कृषि विकास र कृषि प्रसार सम्वन्धी कार्यक्रमहरु स्थानीय तह र प्रदेशमार्फत सञ्चालन हुँदै आएको छ। सोही सम्वन्धमा कृषि विकासअन्तर्गत कृषि सामग्री, कृषि पूर्वाधार विकास, कृषि फर्म स्थापना, क्षमता विकास, उत्पादन प्रवर्द्धन सम्वन्धी सेवा तथा अनुदानहरु प्रदेश सरकारका कृषि सम्वद्ध निकायहरु तथा स्थानीय तहहरुमार्फतनै प्रदान हुँदै आइरहेको छ ।

संघीय कृषि तथ पशुपन्छी विकास मन्त्रालयबाट नीति, नियम, मापदण्ड तर्जुमा, राष्ट्रिय प्राथमिकताका विषयहरुमा प्रदेश र स्थानीय तहबाट सम्पादन गरिनुपर्ने कार्यक्रमका लागि सशर्त वित्तीय हस्तान्तरण र सो को कार्यान्वयन, सहजीकरण, अनुगमन तथा केन्द्रिय तथ्याङ्क व्यवस्थापन, विकास सहायता प्राप्त आयोजना सञ्चालन एवम् सहजिकरण लगायतका कार्यहरु मात्र सञ्चालन हुने भएकोले माथि उल्लेख गरिएझै कृषि प्रसार, कृषि विकास र कृषि पूर्वाधार स्थापना सम्वद्ध सबै प्रकृतिका अनुदानहरुका लागि सम्पूर्ण कृषकवर्ग निजी फर्म, कम्पनी, समूह सहकारीहरुलाई प्रदेश स्थित कृषि सम्वद्ध निकायहरु तथा स्थानीय तहहरुमा सम्पर्क गर्न हुन तथा त्यस्ता प्रकृतिका प्रत्यक्ष अनुदानका कार्यक्रमहरु यस मन्त्रालयबाट प्रवाह नहुने गरेको व्यहोरा समेत सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

२०८०/०१/२०
..............................
(प्रकाशकुमार सन्जेल)
सह-सचिव एवं प्रवक्ता



CamScanner